# सिम्रौनगढ नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**सिम्रौनगढ, बारा**
**मधेश प्रदेश, नेपाल**

पत्र संख्या :- ०८१/०८२
चलानी न :- ११६३

मिति :- २०८२/१/१३

विषयः- शिक्षकको कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने भराउने सम्बन्धमा।

श्री स्थायी शिक्षकहरु सबै।
सिम्रौनगढ नगरपालिका, बारा।

उपरोक्त सम्बन्धमा शिक्षक सेवा आयोगको प.सं.०८१/०८२ च.नं. ४७० मिति २०८१/१२/२६ गतेको पत्र अनुसार शिक्षक सेवा आयोग नियमावली(संशोधनसहित), २०५७ को नियम ३२ मा शिक्षकहरुले सोही नियमावलीको अनुसूची-१ अनुसारको ढाँचामा अघिल्लो शैक्षिक सत्र २०८१ सालमा आफूले सम्पादन गरेका शैक्षिक जिम्मेवारी र कार्य प्रगतिको आधारमा कार्यसम्पादन मूल्याङ्कन फाराम शैक्षिक सत्र सुरु भएको मितिले तीस दिन भित्र सम्बन्धित विद्यालयमा दर्ता गरी प्रधानाध्यापकलाई बुझाउनु पर्ने र नियमानुसार फाराम भरे नभरेको यकिन गरी प्रधानाध्यापकले आफु सुपरीवेक्षक भए मिति २०८२ ज्येष्ठ १५ गते भित्र र आफु सुपरीवेक्षक नभए मिति २०८२ ज्येष्ठ ०७ गते भित्र सुपरीवेक्षक समक्ष पेश गर्ने गरी यस सिम्रौनगढ नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा कार्यरत स्थायी शिक्षकहरुले आ-आफ्ना कार्यसम्पादन मूल्याङ्कन फाराम भरी सुपरीवेक्षक मार्फत तोकिएको मिति भित्र यस कार्यालयमा पेश गर्नुहुन जानकारीसाथ अनुरोध छ।

..........................
राजेन्द्र प्रसाद साह
शिक्षा प्रमुख

**राजेन्द्र प्रसाद साह**
**शाखा प्रमुख**
**शिक्षा युवा तथा खेलकुद**

नोटः तपसिल अनुसारका रङ्गका का.स.मू. फारामहरु भर्नुहुन।

१. प्राथमिक तहका शिक्षकहरुका लागि निलो रङ्ग
२. निम्न माध्यमिक तहका शिक्षकहरुको लागि हरियो रङ्ग
३. माध्यमिक तहका शिक्षकहरुको लागि पँहेलो रङ्ग

सूचना तथा प्रविधि शाखाः- वेभसाइटमा प्रविष्ट गरिदिनुहुन।